साल्पासिलिछो गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय भोजपुर कोशी प्रदेश नेपाल

गाउँकार्यपालिका बैठक संख्या ०४/०८१।८२

आज मिति २०८१ पौष ०७ गतेका दिन दिउँसो ११:०० बजे गाउँपालिका अध्यक्ष श्री दौलथ कुलुङ ज्यूको अध्यक्षतामा देहाय बमोजिम उपस्थितीमा कार्यपालिका बैठक सम्पन्न भयो ।

उपस्थिती

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दौलथ कुलुङ | अध्यक्ष | |
| २ | श्री अस्मिता कुलुङ | उपाध्यक्ष | |
| ३ | श्री गणेश बुढाथोकी | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री गणेश खत्री | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री विनोद राई | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री संजय राई | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री शिवकुमार राई | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री विक्रम बन सन्यासी | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री सुरज राई | कार्यपालिका सदस्य | |
| १० | श्री दिल कुमार राई | कार्यपालिका सदस्य | |
| ११ | श्री निमदिकी शेर्पा | कार्यपालिका सदस्य | |
| १२ | श्री देशमाया दर्जी | कार्यपालिका सदस्य | |
| १३ | श्री कलावती राई | कार्यपालिका सदस्य | |
| १४ | श्री उर्मिला विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १५ | श्री बुनु राई | सचिव | |

अन्य उपस्थिति

| क्र.सं. | नम | प्द | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिकुमार श्रेष्ठ | सहायक कम्प्युटर अपरेटर माइनेट लेखन | |
| २ | श्री पुर्ण प्रसाद राई | का.बा. वडाध्यक्ष | |

अनुसुची -१

प्रस्तावको ढाँचा

(बुँदा ५.२ सँग सम्बन्धित)

साल्पासिलिछो गाउँपालिका

भोजपुर, कोशी प्रदेश, नेपाल

विषयः बैठकमा प्रस्ताव पेश गरिएको सम्बन्धमा ।

प्रशताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मिति २०८१।०९।०७

१. कोशी प्रदेश सरकारद्धारा हस्तान्तरित कृषि बजार निर्माण कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

२. संघिय सरकारद्धारा हस्तान्तरित कार्यक्रम विद्यालय क्षेत्रको शैक्षिक सुधार तथा प्रविधिमैत्री शिक्षण सिकाई आयोजना कार्यान्वयन सम्बन्धमा ।

३. हाईड्रो पावर कम्पनीहरुलाई करको दायरामा ल्याउने सम्बन्धमा ।

४. यातायात व्यवस्थापन सम्बन्धमा

५. याक्सा नागदह मोटरेवल पुलको लागि श्री Bikash And Brothers/Aatreya/Saras j.v. लाई स्पष्टिकरण माग गर्ने सम्बन्धमा।

६. गाउँपालिकामा उत्पादित वस्तुहरुको खरिद मुल्य तोक्ने प्रयोजनका लागि बसिएको बैठकको निर्णयहरु पारित सम्बन्धमा ।

७. प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेट बाँडफाँट सम्बन्धमा ।

८. कर्मचारीहरुको प्रोत्साहन भत्ता सम्बन्धमा ।

९. तहवृद्धि समिति गठन सम्बन्धमा ।

१०. विपद्का लागि खर्च समायोजन सम्बन्धमा।

११. च्याक्सिला साल्पा हुदैं सोलु जोड्ने सडक निर्माणका लागि ठेक्का लागि बाँकी रहेको रकम उपयोग सम्बन्धमा ।

१२. स्वास्थ्य संस्थाका लागि कर्मचारी भर्ना सम्बन्धमा ।

१३. जेसिवि तथा सानो ब्याकलोडर चालक तथा सहचालकको खाना खर्च सम्बन्धमा ।

१४. पुराना सवारी साधन मर्मत सम्बन्धमा ।

१५. बाटो सरसफाईका लागि अपुग रकम सम्बन्धमा ।

१६. झो.पु . सम्बन्धमा( सेतो गुराँस )

१७. एक्सरेका लागि आवश्यक सामग्री व्यवस्थापन (RUSG Trainning)

१८. प्रकृति रोकाहा र जुसिता राईको तलब वृद्धि सम्बन्धमा ।

१९. विपद्को योजना सिफारिस सम्बन्धमा ।

२० विविध सम्बन्धमा ।

## निर्णयहरुः

### निर्णय नम्बर १ (एक)

प्रस्ताव नम्बर १ माथि छलफल गर्दा कोशी प्रदेश सरकारद्धारा हस्तान्तरीत कृषि बजार निर्माण कार्यक्रम (कोशी प्रदेश सरकार शसर्त अनुदान, बजेट शिर्षक नं ३११५९ लाई व्यवस्थीत गर्न प्राविधिक स्टीमेटको आधारमा देहाय अनुसारको कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**तपशील:**

१) कोल्ड स्टोर खरिद गर्ने ।
२) ड्राई स्टोर खरिद गर्ने ।

### निर्णय नम्बर २ (दुई)

प्रस्ताव नम्बर २ माथि छलफल गर्दा संघीय सरकारद्धारा हस्तान्तरीत कार्यक्रम, विद्यालय शैक्षिक सुधार तथा प्रविधिमैत्री शिक्षण सिकाई आयोजना (विशेष अनुदान शिक्षा बजेट शिर्षक ३११५९) देहाय अनुसार सञ्चालन गर्ने निर्णय गरियो ।

**तपशील:**

१) इसिडी कक्षालाई प्रविधि मैत्री बनाउने ।
२) विद्यालयहरुमा इन्ट्रानेट/ईन्टरनेट को पुर्वाधार व्यवस्थापन गर्ने ।
३) विद्यालयहरुमा प्रविधिमैत्री उपकरण जडान गर्ने ।जस्तैः ई-हाजिरी, सिसि क्यामेरा लगायत ।

### निर्णय नम्बर ३ (तीन)

प्रस्ताव नम्बर ३ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका क्षेत्रमा सञ्चालित हाईड्रो पावर कम्पनीहरुलाई करको दायरामा ल्याउन सम्पुर्ण हाईड्रो पावर कम्पनीलाई पत्राचार गरिएकोमा गाउँपालिका कार्यालयमा उपस्थिति नभएको हुनाले गाउँपालिका क्षेत्रमा सञ्चालित जल विधुत आयोजनाहरुलाई पुन पत्राचार गरी २०८१ पौष महिना भित्रमा गाउँपालिका कार्यालयमा छलफलमा बोलाउने निर्णय गरियो ।

### निर्णय नम्बर ४ (चार)

प्रस्ताव नम्बर ४ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका क्षेत्रमा सञ्चालन भएका तथा गाउँपालिका क्षेत्रमा सेवा प्रदान गर्ने यातायात व्यवसायीहरुलाइ गाउँपालिका कार्यालयमा सचिकृत हुन सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

### निर्णय नम्बर ५ (पाँच)

प्रस्ताव नम्बर ५ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिकाको बहुबर्षिय योजना अन्तरगत याक्सा नागदह मोटरएवल पुलको कामको प्रगती न्युन रहेको हुनाले उक्त कामको ठेक्का लिएको कम्पनी Bikash And Brothers/Aatreaya/Saras J.V. नयाँ बानेश्वर, काठमाण्डौ लाई कामको प्रगतिले गति नलिनको कारण सहित स्पस्टिकरण पेश गर्न निर्माण कम्पनीलाई पत्राचर गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ६ (छ)

प्रस्ताव नम्बर छ माथि छलफल गर्दा गाउँपालिका क्षेत्रमा उत्पादित बस्तुहरुको न्युनतम खरिद मुल्य देहाय अनुसार निर्धारण गर्ने निर्णय गरियो ।

तपशील:

| क्र. सं. | उत्पादित वस्तुको नाम | परिमाण | रकम |
|---|---|---|---|
| १ | किवि | प्रति केजि | ८०/०० |
| २ | लसुन | प्रति केजि | २००/०० |
| ३ | अदुवा नसे | प्रति केजी | ५५/०० |
| ४ | अदुवा बोसे | प्रति केजी | ५०/०० |
| ५ | छिर्के बोडी (गेडा) | प्रति केजी | १२५/०० |
| ६ | सुन्तला | प्रति केजी | ८०/०० |
| ७ | आलु | प्रति केजी | ५०/०० |

नोटः माथि उल्लेखित खरिद मुल्य गाउँपालिका केन्द्रमा ल्याएको हकमा मात्र कार्यन्वयन हुनेछ ।

निर्णय नम्बर ७ (सात)

प्रस्ताव नम्बर ७ माथि छलफल गर्दा आ.व. २०८१/०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत देहायको योजनाहरु सञ्चालन गर्ने निर्णय गरियो ।

तपशील:

| क्र.सं. | वडा | बजेट | स्रोत | श्रमिक संख्या |
|---|---|---|---|---|
| १ | वडा नं. १ | १०६८८०० | नेपाल सरकार | १६ जना |
| २ | वडा नं. २ | २६७२०० | नेपाल सरकार | ४ जना |
| ३ | वडा नं. ३ | ६४३९५२ | नेपाल सरकार | १० जना |
| ४ | वडा नं. ४ | ९३५२०० | युवा रुप | १४ जना |
| ५ | वडा नं. ५ | ९३५२०० | युवा रुप | १४ जना |
| ६ | वडा नं. ६ | ८१६००० | युवा रुप | १२ जना |
| जम्मा बजेट | | ४६५२०००।०० | | ७० जना |

निर्णय नम्बर ८ (आठ)

प्रस्ताव नम्बर ८ माथि छलफल गर्दा गाउँपालिकाबाट विगतका बर्षहरुमा दिईदै आएको कर्मचारी प्रोत्साहन भत्तालाई यस आ.व. २०८१/०८२ को साउन महिनादेखी लागु हुनेगरी देहाय बमोजिम देहाय अनुसार प्रोत्साहन भत्ता उपलब्ध गराउँने निर्णय गरियो ।

तपशील:

| क्र.स | पद | प्रोत्साहन भत्ता |
|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | खाइपाइ आएको तलबको ७५ प्रतिशत |

| | | |
|---|---|---|
| २ | लेखा प्रमुख | खाइपाइ आएको तलवको ५० प्रतिशत |
| ३ | कुलुङ्क स्वास्थ्य चौकीमा कार्यरत मेडिकल अधिकृत आठौ तह | खाइपाइ आएका तलवको १०० प्रतिशत |
| ४ | कुलुङ स्वास्थ्य चौकीमा कार्यरत फार्मेसी सहायक | खाइपाइ आएको तलवको ३५ प्रतिशत |
| ५ | कुलुङ स्वास्थ्य चौकीमा कार्यरत अ.न.मी. दुईजनालाइ | खाइपाइ आएको तलवको ३० प्रतिशत एक जनाको तलव वराबरको मात्र । |

## निर्णय नम्बर ९ (नौ)

प्रस्ताव नम्बर ९ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम लोकसेवा आयोग वा प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई स्थानीय तहमा समायोजन/समायोजन संशोधन/नियुक्ती भएका यस गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुले कोशी प्रदेश स्थानीय सरकार सेवा (गठन तथा परिचालन) ऐन, २०८० को दफा ४ उपदफा (५), दफा ५ को उपदफा (१३) (१६) ८ (१७) तथा दफा २७ को उपदफा (१) र (२) मा भएको व्यवस्था बमोजिम योग्यता पुगेका कर्मचारीहरुको लागि २०८१/०८/२५ गते तह बृद्धि/मिलानको लागि निवेदन पेश गर्ने सम्बन्धी ३० दिने सुचना प्रकाशित भईसकेको हुनाले तोकीएको मितिसम्ममा प्राप्त हुने निवेदनहरुको उपर छलफल गरी तहवृद्धिका लागि सिफारिस गर्ने गरी स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८० को दफा २७ उपदफा (४) बमोजिम देहायको तह बृद्धि सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

तपशील:

| क्रं. सं. | नाम | पद |
|---|---|---|
| १ | श्री बुनु राई -प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| २ | श्री ईश्वर कुलङ -जनस्वास्थ्य निरीक्षक (छैटौ) | सदस्य |
| ३ | श्री हरिलाल भुसाल -सहायक पाँचौं | सदस्य |

## निर्णय नम्बर १० (दश)

प्रस्ताव नम्बर १० माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिकाको विभिन्न क्षेत्रमा आ.ब. २०८१/.८२ को साउन/भदौ तथा हालसम्म भएको बाढी पहिरो तथा विभिन्न कारणले भएको जनधनको क्षतिको लागि २०८१ असोज ९ गतेको विपद् अनुगमन तथा निरीक्षण समितिको निर्णय अनुसार तथा जिल्ला विपद् कोषबाट प्राप्त बजेटलाइ पीडीतहरु रहेको वडाबाट राहत विरतण कार्यलाइ व्यवस्थीत गर्ने निर्णय गरियो । साथै राहत वितरणको लागि गाउँपालिकाबाट दिने रकम रु. १४३४०००/०० मध्ये रु. २८४०००/०० स्रोत नपुग भएको हुनाले उक्त रकम गाउँपालिकाको समपुरक कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नम्बर ११ (एघार)

प्रस्ताव नम्बर ११ माथि छलफल गर्दा कोशी प्रदेश समपुरक अनुदान र गाउँपालिकाको साझेदारीमा च्याक्सिला साल्पा हुँदै सोलु जोड्ने सडक निर्माण कार्यको लागि रु. १५०००००.०० (अक्षरेपी एक करोड पचास लाख मात्र) को २०८१/६/१३ गते बोलपत्र आब्हान गरिएकोमा, शंकरापुर ईन्द्रायनी कन्स्ट्रक्शन प्रा.लिं. शंकरापुर -९ काठमाण्डौसंग रु. ७३,३२,९३४/२९ (अक्षरेपी त्रिहत्तर लाख बत्तीस हजार नौ सय चौतिस रुपैया उनन्तिस पैसा मात्र) मा निर्माण सम्झौता भई सकेको हुनाले बाँकी रहेको रु. ७६६७०६५/७१ रकम मध्य गाउँपालिकाबाट साझेदार गर्ने रकम रु.२६०००००।०० (छब्बिस लाख मात्र) को उपभोक्ता समिति मार्फत सोही योजनामा काम गर्ने निर्णय गरियो ।

निर्णय नम्बर १२ (बाह्र)

प्रस्ताव नम्बर १२ माथि छलफल गर्दा गाउँपालिकाको मातहतका रहेका स्वास्थ्य संस्थाहरुलाई व्यवस्थीत गर्नका लागि देहायको स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको दरखास्त आब्हान गर्ने निर्णय गरियो ।

तपशीलः

| क्र.सं. | कार्यालय | पद | |
|---|---|---|---|
| | | अ.हे.ब. | सहयोगी |
| १ | च्याक्सिला सामुदायिक स्वास्थ्य इकाई साल्पासिलिछो ५ च्याक्सिला | १ | १ |
| २ | ओसेप्सा सामुदायिक स्वास्थ्य इकाई साल्पासिलिछा ६ ओसेप्ला | १ | १ |

निर्णय नम्बर १३ (तेह्र)

प्रस्ताव नम्बर १३ माथि छलफल गर्दा जेसिबि र ब्याकहो लोडर चालक (अपरेटर) तथा हेल्परहरुको खाना बापतको रकमको सम्बन्धमा यस अघि भएकै निर्णय अनुसार गर्ने निर्णय गरियो ।

निर्णय नम्बर १४ (चौध)

प्रस्ताव नम्बर १४ माथि छलफल गर्दा गाउँपालिका कार्यालयमा रहेको दुईवटा मोटरसाइकल मर्मत गर्ने निर्णय गरियो ।

निर्णय नम्बर १५ (पन्ध्र)

प्रस्ताव नम्बर १५ माथि छलफल गर्दा मोटरबाटो सरसफाइ वडा न ४ को नगुग बजेट आगामी हिउँदे सभामा लैजाने निर्णय गरियो ।

## निर्णय नम्बर १६ (सोह)

प्रस्ताव नम्बर १६ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका सिसुवाखोला खाटाम्मा पुवाखोला झोपु को लागि सेतो गुराँस बाल तथा सामुदायिक विकास संस्था, भोजपुरको पत्र संख्या २०८१/०८२ चलानी नं. ११ मिति २०८१/०४/०१ गतेको पत्रानुसार आ.ब. २०८१/०८२ को लागि सम्झौताको म्याद थप गर्ने निर्णय गरियो ।

## निर्णय नम्बर १७ (सत्र)

प्रस्ताव नम्बर १७ माथि छलफल गर्दा कुलुङ स्वास्थ्य चौकीमा सञ्चालनमा रहेको एक्स-रे को लागि आवस्यक पर्ने सामाग्री गाउँपालिका स्वास्थ्य तर्फको RUSG Training शिर्षकको बजेटबाट आगामी हिउँदे सभामा अनुमोदन गर्ने गरी कार्यक्रम अगाडी बडाउने निर्णय गरियो ।

## निर्णय नम्बर १८ (अठार)

प्रस्ताव नम्बर १८ माथि छलफल गर्दा साल्पासिलिछ्रा गाउँपालिका वडा नं. ६ स्वास्थ्य चौकी दोभानेमा अहेब पदमा कार्यरत प्रकृति रोकाहा र तालखर्क सामुदायिक स्वास्थ्य इकाइमा अहेब पदमा कार्यरत जुसिता राईको तलव समायेजन गरी आ.वं २०८१/०८२ को साउन महिनादेखी लागुहुने गरी नेपाल सरकारको चौथो तहको तलव स्केल अनुसार तलव भत्ता उपलव्ध गराउँने निर्णय गरियो ।

## निर्णय नम्बर १९ (उन्नाइस)

प्रस्ताव नम्बर १९ माथि छलफल गर्दा जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समितिबाट समेत सिफारिस भइ प्रदेश सरकार र सघीय सरकारमा सिफारिस भएकोमा पुनः सिफारिस गर्न आवस्यक भएकाले देहायका योजनाहरु विपद् बाट प्रभावित भएको हुनाले सम्बन्धीत निकायमा माग तथा सिफारिस गरी पठाउने निर्णय गरियो ।

तपशील:

१) कात्तिकेघाटबाट मझुवा चालिसे हुँदै ताँवुटार गोथेबजार सडक ।
२) याक्सा नागदह दोभाने लप्से फेदी सडक ।
३) थुम्लुङ दोभान सालेवा सडक ।
४) गौडेनी पक्की पुल ।
५) दोभाने झोलुङ्गे पुल ।
६) नागदह झोलुङ्गे पुल ।
७) ताँवुटार झोलुङ्गे पुल ।
८) गोथेबजार झोलुङ्गे पुल ।
९) सुम्पिय खोला झोलुङ्गे पुल ।

## निर्णय नम्बर २० (बीस)

प्रस्ताव नम्बर २० माथि छलफल गर्दा बराह मल्टीपावर लिमिटेडको पत्र संख्या ०८१/०८२ चलानी नं. ००६ मिति २०८१/०४/२२ को पत्रानुसार बराह मल्टीपावर द्वारा भोजपुर जिल्ला साल्पासिलिछो गाउँपालिका वडा नं. ३ र ४ मा निर्माणाधिन ईखुवा खोला बि जल विद्युत आयोजना (१५.५२४) मे.वा. को जग्गा खरिद गर्नका नेपाल सरकार, कोशी प्रदेशद्धारा राजश्व छुट दिने व्यवस्थामा परिमार्जन भई ~~७५~~ ५०% प्रतिशत छुट दिने व्यवस्था भए अनुसार सोही अनुसार छुट दिने निर्णय गरियो ।